# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

**नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना**

**(सूचना प्रकाशन मितिः २०८०/११/०१ गते)**

कालिका नगरपालिका अन्तर्गत रहने गरी देहायको पद, संख्या, र योग्यता भएका नगर प्रहरी करारमा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको रसिदसहित आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम, उम्मेद्वारको न्यूनतम योग्यता, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तसहितको विस्तृत विवरण कार्यालयबाट वा कालिका नगरपालिकाको वेभसाइट **www.kalikamun.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

| क्र.सं. | विज्ञापन नं | पद | किसिम | पद संख्या |
|---|---|---|---|---|
| १ | ०१/०८०-८१ | नगर प्रहरी सहायक निरीक्षक | खुला | १ |
| २ | ०२/०८०-८१ | प्रहरी जवान | खुला | ४ |
| ३ | ०३/०८०-८१ | प्रहरी जवान | महिला | २ |
| ४ | ०४/०८०-८१ | प्रहरी जवान | आदिवासी जनजाति | १ |
| ५ | ०५/०८०-८१ | प्रहरी जवान | दलित | १ |

**योग्यताः**

**क) नगर प्रहरी सहायक निरीक्षकका लागिः**

१. दरखास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
२. स्वीकृत विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।
३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
४. कुनै राजनैतिक दल वा समूहको सदस्यता नरहेको ।
५. मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको ।
६. महिलाको लागि कम्तीमा पाँच फुट र पुरुषको लागि कम्तीमा पाँच फुट दुई इन्च उचाई भएको ।
७. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
८. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
९. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणित भएको ।
१०. नेपाली नागरिकता प्रमाणपत्र भएको ।

**ख) प्रहरी जवानका लागिः**

१. दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको ।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवेशिका वा सो सरह उत्तिर्ण ।
३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
४. कुनै राजनैतिक दल वा समूहको सदस्यता नरहेको ।
५. मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको ।
६. महिलाको लागि कम्तीमा पाँच फुट र पुरुषको लागि कम्तीमा पाँच फुट दुई इन्च उचाई भएको ।
७. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
८. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
९. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणित भएको ।
१०. नेपाली नागरिकता प्रमाणपत्र भएको ।

**दरखास्त दस्तुरः**

नगर प्रहरी सहायक निरीक्षक पदको लागि दरखास्त दस्तुर रु.५००।- र नगर प्रहरी जवान पदको लागि दरखास्त दस्तुर रु.३००।- तर एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेद्वारको हकमा थप समूहको लागि रु.१००।- थप दस्तुर लाग्नेछ ।

***नोटः*** *कालिका नगरपालिकाको मिति २०७८/०९/१८ को पुर्वसूचना बमोजिम आवेदन दर्ता गर्नुभएका र हालको सूचना बमोजिम तोकिएको योग्यता कायम रहेका आवेदकहरुलाईसमेत परीक्षामा समावेश गरिने भएकोले ईच्छुक आवेदकहरुले सोको व्यहोरा खुलाई निवेदन दिनुहुनसमेत सूचित गरिन्छ ।*

**-सदस्य सचिव, पदपूर्ति समिति**